बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

विज्ञापन कर उठाउने सम्बन्धी बोलपत्र (Hard Copy) आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३।०६।२९)

बनेपा नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८३।०८४ र २०८४।०८५ को अवधिको विज्ञापन कर असुली गर्ने प्रयोजनका लागि आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने योग्य इच्छुक फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिन भित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी बाइसौं दिनको १२:०० बजेसम्म रीतपूर्वक बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आय ठेक्का सम्बन्धी विवरणः

क्र.सं.	आय ठेक्का नं.	कार्यको विवरण	वार्षिक न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर
१.	रा।०१।२०८३।०८४	बनेपा नगरपालिका क्षेत्रभित्र विज्ञापन कर असूल गर्ने	रु. २५,००,०००।- (पच्चीस लाख रुपैयाँ मात्र)	५ %	रु. ३,०००।- (तीन हजार)

शर्तहरुः

१. बोलपत्र फारम बनेपा नगरपालिकाको नेपाल बैंक लि., बनेपा शाखामा रहेको आन्तरिक राजस्व खाता (खाता नं. ०१५०३०००००१००१०००००१) मा राजस्व शिर्षक नं. १४२२९ मा वा राजस्व शाखामा रु. ३०००।- (तीन हजार मात्र) (पछि फिर्ता नहुने) भुक्तानी गरी बनेपा नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. यो सूचना बमोजिम मिति २०८३।०७।१८ गतेको कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र २०८३।०७।१९ गते दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिनेछ ।

३. दर्ता भएका बोलपत्र फारमहरू मिति २०८३।०७।१९ गते दिनको १४:०० बजे नियमानुसार यस कार्यालयमा खोलिनेछ ।

४. बोलपत्रदाताले दर्तावाला संस्था/फर्म दर्ता तथा नवीकरणको प्रमाण पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र र २०८२।०८३ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्नेछ ।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ ।

६. बोलपत्रदातालाई यस ठेक्का सम्बन्धी कुनैपनि विषयमा जिज्ञासा तथा जानकारी लिनुपरेमा मिति २०८३।०७।०९ विहान ९:०० बजे नगर कार्यपालिकाको कार्यालयमा पूर्व बोलपत्र बैठक राखिएको छ ।

७. बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. बोलपत्रदाताले आफुले कबोल गरेको बार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. बोलपत्रदाताले धरौटी वापत कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि.. बनेपा शाखामा रहेको धरौटी खाता नं. ०१५०३०००००३०००००००१ मा नगद दाखिला गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१०. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी मिति २०८५ श्रावण १५ गतेसम्म म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले जम्मा ठेक्का अवधिको कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम छुट दिइनेछ र अग्रीम दाखिला गर्दा यस कार्यालयको नामको नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको यस कार्यालयले उपलब्ध गराउने आन्तरिक राजस्व खातामा दाखिला गरेको बैंक भौचर सक्कलै सम्झौताका लागि उपस्थित हुँदा पेश गर्नुपर्नेछ ।

११. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी रकम सम्झौता अवधि भरका लागि धरौटीकै रुपमा रहने छ ।

१२. ठेक्का सम्झौता २०८३ श्रावण १ गतेबाट सुरु भई २०८५ असार मसान्त सम्म जम्मा दुई वर्षसम्म कायम रहनेछ । आ.व. २०८४।०८५ को लागि स्वीकृत बोलपत्रदाताले कबोल गरेको अंकको दश प्रतिशत रकम वृद्धि गरिनेछ ।

१३. स्वीकृत बोलपत्रदाताले बनेपा नगरपालिकाको सम्बन्धित आ.व.को आर्थिक ऐनले तोकेको विज्ञापन कर दरको अधिनमा रहेर विज्ञापन कर असुल गर्नुपर्नेछ । साथै ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाताले बुझाउनु पर्नेछ ।

१४. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क.(VAT) १३ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

<u>ठेक्का रकम दाखिला गर्ने तालिका:</u>

किस्ता	किस्ता बुझाउनुपर्ने मिति	रकम रु.	कैफियत
पहिलो	सम्झौताका बखत	सम्झौता अंकको ५० प्रतिशत	बोलपत्र पेश गर्दाका बखत राखिएको धरौटी रकम समायोजन नहुनेगरी
दोस्रो	२०८४ असोज मसान्तभित्र	बाँकी रकमको २५ प्रतिशत	
तेस्रो	२०८४ पौष मसान्तभित्र	बाँकी रकमको २५ प्रतिशत	
चौथो	२०८४ चैत्र मसान्तभित्र	बाँकी रकमको २५ प्रतिशत	
पाँचौं	२०८५ जेठ मसान्तभित्र	बाँकी रकमको २५ प्रतिशत	

१५. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्नेछ, अन्यथा बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असूल गरिनेछ । स्वीकृत बोलपत्रदाताले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१६. तोकिए बमोजिमको विज्ञापन कर असुली गर्ने दायित्व स्वीकृत बोलपत्रदाताको नै हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१७. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ ।

१८. कुनै पनि कारण जनाइ वा नजनाइ सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का सम्झौताका विषयमा कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१९. यो सूचना यस कार्यालयको Website: www.banepamun.gov.np मा हेर्न सकिने छ । साथै विस्तृत जानकारीका लागि राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

बोलपत्र सम्बन्धी अन्य शर्तहरु:

१. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदको एक प्रति नगरपालिकामा बुझाउनुपर्नेछ ।

२. विज्ञापन कर संकलन गर्दा बनेपा नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा-८ सँग सम्बन्धित अनुसूची-७ बमोजिमको दररेटमा गर्नुपर्नेछ ।

बनेपा नगरपालिका कार्यपालिकाको कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक, प्रदेश नं.

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका क्षेत्रभित्र विज्ञापन करको दर:

क्र.सं.	विज्ञापनको किसिम	क्षेत्र	विज्ञापन करको दर प्रतिवर्ग फिट	कैफियत
१	साइनबोर्ड			
	स्वदेशी	क, ख, ग	१५०, १००, ८०	
	विदेशी	क, ख, ग	२००, १५०, १००	
२	ग्लोबोर्ड/होर्डिङ बोर्ड			
	स्वदेशी	क, ख, ग	१५०, १००, ८०	
	विदेशी	क, ख, ग	२००, १५०, १००	
३	स्टल			
	स्वदेशी	क, ख, ग	५०, ४०, ३०	
	विदेशी	क, ख, ग	६०, ५०, ४०	
४	LED Board		२५०	
५	तुल ब्यानर			
	ठाडो	क, ख, ग	५० प्रति थान	एक पटक
	तेर्सो	क, ख, ग	१०० प्रति थान	एक पटक
६	अन्य	क, ख, ग	तोकिए बमोजिम	

नोट:

१) विज्ञापन कर प्रयोजनका लागि क्षेत्र निर्धारण:

क. क्षेत्र क भन्नाले अरनिको राजमार्ग दायाँबायाँ, धनेश्वर मार्ग दायाँबायाँ र बनेपा बसपार्क क्षेत्र

ख. क्षेत्र ख भन्नाले बनेपा पुरानो शहर बजारको दायाँबायाँ, करूणामार्ग दायाँबायाँ तथा ऐतिहासिक र धार्मिक महत्वका नगरपालिकाले तोकेका स्थानहरू ।

ग. क्षेत्र ग भन्नाले क्षेत्र क र ख मा उल्लेखित क्षेत्र बाहेकका अन्य क्षेत्र ।

२) नगरपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई नगरपालिकाले कुनै पनि समयमा अग्रीम सूचना बिना हटाउन सक्नेछ।

३) पसलहरुमा राखिने परिचय पाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर परिचय पाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत